आज मिति २०८२/११/२६ गतेका दिन विहान ११:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

**उपस्थिति :**

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

लेखा अधिकृत :- श्री मनी राना मगर

ईन्जिनियर:- श्री सुरेश गौतम

**मिति २०८२ फागुन २६ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८२/१०/१५ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं २ : अध्ययन विदा सम्बन्धमा ।**

नेपाल सरकार, चिकित्सा शिक्षा आयोगको स्नातक तहको एकिकृत प्रवेश परीक्षा (MECEE-PL-2026) मा उत्तिर्ण भई पूर्ण छात्रवृत्तिमा छनौट भएका यस मर्स्याङ्दी गाउँकार्यपालिकाका कार्यालयमा कार्यरत ज.स्वा.नि श्री लुल बहादुर घलेलाई बि.पि.एच (BPH) अध्ययनका लागि मिति २०८२/१२/०१ देखि २०८६/११/३० सम्मको लागि र बाहुनडाँडा स्वास्थ्य चौकीमा अ.न.मी पदमा कार्यरत श्री विजेता चौधरीलाई वि.एन.एस (BNS) अध्ययनका लागि मिति २०८२/१२/०१ देखि २०८५/११/३० सम्मको लागि गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा (७१) र (७२) बमोजिमको शर्त कायम हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ को उपनियम (२) र (७) अनुसार तलवी अध्ययन विदा स्वीकृत गर्ने यस गाउँपालिकाको गाउँकार्यापालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं: ३: इजाजतपत्र सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ (पहिलो सशोधन)को दफा २ को उपदफा ३ बमोजिम गठित प्रविधिक समितिको सिफारीस अनुसार श्री वहुरंगी कन्स्ट्रक्सन प्रा.लि. मर्स्याङ्दी गाउँपालिका ८ लमजुङलाई सोही कार्यविधिको दफा २ को ३ अनुसार "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने यस गाउँकार्यपालिकाको बैठकमा सर्वसहमतीले निर्णय गरियो ।

**निर्णय नं. ४ : समीक्षा गोष्ठि आयोजना गर्ने सम्बन्धमा ।**

यस आ.व. २०८२/०८३ को दोस्रो चौमासिक समिक्षा गोष्ठि मिति २०८२ चैत्र ६ गते शुक्रबारका दिन आयोजना गर्ने निर्णय गरियो ।

विजय गौतम
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

## निर्णय नं ५ : आर्थिक सहयोग सम्बन्धमा ।

१ विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठी सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१. शिलादेवी यूवा क्लव, मर्स्याङ्दी -३, शिउरुङ रु.३०,०००।- (तिस हजार रुपैया मात्र) खुल्ला पुरुष तथा महिला फुटबल प्रतियोगिता तथा विविध कार्यक्रम सञ्चालनार्थ ।

२. तातोपानी यूवा क्लव, मर्स्याङ्दी -४, जगत रु ३०,०००।- (तिस हजार रुपैया मात्र) तातोपानी कप (खुल्ला फुटबल प्रतियोगिता) तथा विविध पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालनार्थ ।

२. वडा नं. ६ को विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेट रु.१ लाखबाट खर्च हुने गरि वडा नं. ६ को वडा समितिको निर्णय र सिफारिस बमोजिम देहायका व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहयोग उपलब्ध गर्ने निर्णय गरियो ।

१. श्याम घले, मर्स्याङ्दी -६ रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)

२. किर्ति घले, मर्स्याङ्दी -६ रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)

३. मिन प्रसाद घले, मर्स्याङ्दी -६ रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)

४. इन्दिरा गुरुङ, मर्स्याङ्दी -६ रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)

५. सेती माया तामाङ, मर्स्याङ्दी -६ रु. ४०,०००।- (चालिस हजार रुपैया मात्र)

बिजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष